१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY








वर्ष-१७ ।। अङ्क : १४३ ॥ २०८२ असार १९ गते बिहिबार (3rd July 2025 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-


# कुटपिटबाट घाइते दुवै युवकको मृत्यु, ६ जना पक्राउ



झापा(प्रस) । झापाको शिवसताक्षीमा कुटपिटबाट घाइते भएका दुवै युवकको मृत्यु भएको छ। यसअघि शिवसताक्षी नगरपालिका ९ बस्ने १९ वर्षीय रोमन थापाको मृत्यु भएकोमा संगम चोकका १५ वर्षीय आदित्य तामाङको पनि मृत्यु भएको छ। बुधवार दिउँसो १:४५ बजे आदित्य तामाङको उपचारको क्रममा बीएण्डसी अस्पताल बिर्तामोडमा मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको शव सोही अस्पतालमा रहेको छ। प्रहरीले घटनामा संलग्न ६ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा शिवसताक्षी ११ बस्ने इन्द्र मगरका छोरा बर्ष- १५ का सोइमन मगर , सोही ठाउँ बस्ने डम्बर राईका छोरा बर्ष- १४ का आयुस राई , वडा नं ९ बस्ने रामप्रसाद लिम्बूका छोरा बर्ष-१४ का सलिम लिम्बू , सोही ठाउँ बस्ने प्रकाश लिवाङका छोरा बर्ष- १४ का आदित्य लिवाङ , प्रकाश लिम्बुका छोरा बर्ष- १३ का नामकेत लिम्बू र बालकृष्ण सिलवालका छोरा बर्ष- १५ का अङ्कुश सिलवाल रहेका छन् । कुटपिटमा संलग्न पाँच जनालाई सोमवार राति नियन्त्रणमा लिइएको थियो भने फरार रहेका अङ्कुश सिलवाललाई खोजतलास गर्ने क्रममा मंगलवार बिहान ८ बजे उनको घरबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनीहरुमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । असार ११ गते बिहान अन्दाजी ६:४० बजे शिवसताक्षी ९ संगम चौक बस्ने अमर तामाङका छोरा राष्ट्रिय रमणीय मा.वि.दुधेमा कक्षा ८ मा अध्ययनरत


❖ बाँकी अन्तिम पृष्ठमा


# श्रीलंकामाथि नेपालको उत्कृष्ट जित



झापा(प्रस) । राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा) को ह्याट्रिकमा नेपालले एएफसी महिला एसियन कप छनोटमा श्रीलंकालाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको छ।

उज्वेकिस्तानको राजधानी तास्केन्दको मिली रंगशालामा बुधबार भएको खेलमा नेपालले श्रीलंकामाथि ८-० गोलअन्तरको फराकिलो जित निकाल्दै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको हो । यस जितसँगै नेपालले दुई खेलमा ६ अंक बटुलेको छ। यसअघि भएको पहिलो खेलमा नेपालले लाओसलाई ९-० ले हराएको थियो ।

नेपालको जितमा साम्बाले ह्याट्रिक पूरा गरिन् भने गीता रानाले दुई तथा निशा थोकर, रेखा पौडेल र पूजा रानाले समान १/१ गोल गरे । खेलको सातौं मिनेटमा नेपालले पहिलो अग्रता लियो । अनिता बस्नेतको कर्नरमा गीताले गोल गरिन् ।

त्यसपछि खेलको खेलको २० औं मिनेटमा नेपालले आफ्नो अग्रता दोब्बर बनायो । नेपालका लागि साम्बाले गोल गरिन् । खेलको ३६औं मिनेटमा कप्तान साम्बाले फ्रि-किकमा सिधै गोल गरिन् । तर रेफ्रीले गोल दिएनन् । त्यसपछि खेलको ४२औं मिनेटमा साम्बाले व्यक्तिगत दोस्रो गोल गरिन् । खेलको पहिलो हाफको अतिरिक्त समयमा साम्बाले १ गोल थप्दै ह्याट्रिक पूरा गरिन् ।

खेलको ५३औं मिनेटमा श्रीलंकाकी सचिना डि सिल्भाले नेपालकी रश्मीकुमारी घिसिङलाई लडाएपछि रेफ्रीले नेपाललाई पेनाल्टीको अवसर दिएको थियो । जसमा गीताले पेनाल्टीमा गोल गरिन् । खेलको ६२औं मिनेटमा निशाले हेड गोल गरिन् । खेलको ७८औं मिनेटमा सब्स्टिच्युट खेलाडी पूजा रानाको क्रसमा अर्को सब्स्टिच्युट फर्वाड रेखाले गोल गरिन् ।

त्यसपछि खेलको ८९औं मिनेटमा पूजाले एक गोल थपेसँगै नेपालले श्रीलंकामाथि ८-० गोलको जित हासिल गर्‍यो। अब नेपालले शनिबार समूह चरणको अन्तिममा घरेलु टोली उज्वेकिस्तानसँग खेल्नेछ ।

पराजित श्रीलंकाको भने यो लगातार दोस्रो हार हो । पहिलो खेलमा श्रीलंका घरेलु टोली उज्वेकिस्तानसँग १०-० गोलअन्तरले पराजित भएको थियो ।

# राजवंशी समुदायबाट फोर जीपीए ल्याउने हेमन्त र रोशिका

झापा(प्रस) । झापा गौरादह ७ ग्वालडुब्बास्थित इमिनेन्ट कंचनजंघा इङ्गिलस बोर्डिङ स्कुलका हेमन्त राजवंशी र रोशिका राजवंशीले राजवंशी समुदायबाट एसईई परीक्षामा फोर जीपीए ल्याएका छन् ।

जिल्लाभरि ३१ जनाले फोर जीपीए ल्याएकोमा राजवंशी समुदायबाट फोर जीपीए ल्याउने हेमन्त र रोशिका मात्र हुन् । हेमन्त र रोशिकासहित इमिनेन्ट कंचनजंघाबाट चारजनाले फोर जीपीए ल्याएका छन् । आदिवासी जनजाति समुदायका धेरै विद्यार्थीहरु अध्ययनरत इमिनेन्ट कंचनजंघामा कुशल लिम्बूले पनि फोर जीपीए ल्याएका छन् । सोही विद्यालयबाट रुपेश राजवंशीले ३.९१,



प्रमिशा हिङमाङले ३.९० , सुरज श्रेष्ठले ३.८७ , विवेक राजवंशीले ३.८६ , कृष्णकुमार राजवंशीले ३.८३ , अनिशकुमार राजवंशीले ३.७९ , गोपाल ताजपुरियाले ३.६७ , समिर टुडूले ३.५२ , रोहन भुजेलले ३.३० जीपीए ल्याएका छन् । सो विद्यालयबाट ३३ जनाले एसईई दिएकोमा शतप्रतिशत उत्तीर्ण भएका छन् । आफूहरुको विद्यालयमा अधिकांश आदिवासी जनजाति समुदायका विद्यार्थीहरु अध्ययनरत रहेको विद्यालय संचालक समितिका अध्यक्ष रहेका कोशी प्रदेश सरकारका सभामुख अम्बरबहादुर विष्टले बताए । विगत १६ वर्षदेखि एसईईमा लगातार शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै आएको इमिनेन्ट कंचनजंघाले तीन वर्षदेखि सर्वोत्कृष्ट स्थानसमेत लिन सफल बनेको छ । गौरादहको बैरातीस्थित मामा देवकुमार राजवंशीको घरमा बसेर पढ्दै आएकी नन्दकिशोर र रीना राजवंशीका छोरी रोशिका मेडिकल पढ्न चाहन्छिन् । मेघलाल र चन्द्रा राजवंशीका छोरा हेमन्तको भने कम्प्युटर साइन्स पढ्ने इच्छा छ ।

# कर्णाली विकास बैंकका पूर्वअध्यक्ष मिश्र पक्राउ




झापा(प्रस) । कर्णाली विकास बैंकको घोटाला प्रकरणमा प्रहरीले सो बैंकका तत्कालीन अध्यक्ष पशुपति दयाल मिश्रलाई नेपालगन्जबाट पक्राउ गरेको छ ।

उनी विसं २०६६ सालदेखि २०७५ सालसम्म कर्णाली विकास बैंकको अध्यक्ष थिए ।

बैंकका पूर्व अध्यक्ष मिश्रलाई नेपालगन्जबाट बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता डिएसपी दीपक पातलीले पुष्टि गरे। उनले मिश्रलाई सिआइबीको टोलीले पक्राउ गरेको जनाउँदै सोही टोलीले अनुसन्धान गर्ने बताए ।

मिश्रसँगै यो ठगी प्रकरणमा पक्राउ पर्नेको संख्या तीन पुगेको छ ।

यसअघि बैंकका तत्कालीन वित्त प्रमुख देवप्रकाश सिंह ठकुरी र बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर रायलाई पनि पक्राउ गरेर अनुसन्धान अघि बढाइएको छ ।

पक्राउ परेकाहरूलाई बाँकेमा नै राखेर सीआईबीको टोलीले अनुसन्धान गरिरहेको छ । सिआइबीबाट डिएसपी दानबहादुर थापाको कमान्डको एउटा टोली नेपालगन्ज आएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

पक्राउ परेकाहरू विरुद्ध बैङ्किङ कसुर तथा सजाय ऐन २०६४ अन्तर्गतको कसुरमा नेपाल राष्ट्र बैंकको समन्वयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। कर्णाली विकास बैंकमा अहिलेसम्म दुई अर्ब ५० करोड रुपियाँ हिनामिना भएको भन्दै उजुरी परेको छ। कर्णाली विकास बैंक २०६० सालमा स्थापना भएको थियो । अपचलनमा संलग्न मुख्य व्यक्ति रायको कर्णाली विकास बैंकमा करिब ८० प्रतिशत संस्थापक सेयर छ। उनी बैंक स्थापनादेखि नै कार्यकारी अध्यक्ष तथा सिइओका रूपमा करिब १५ वर्षसम्म कार्यरत थिए ।

# सभामुख विष्टले नेतृत्व गरेको विद्यालय लगातार सर्वोत्कृष्ट

झापा(प्रस) । कोशी प्रदेश सरकारका सभामुख अम्बरबहादुर विष्टले नेतृत्व गरेको झापा गौरादह ७ ग्वालडुब्बास्थित इमिनेन्ट कंचनजंघा इङ्गिलस बोर्डिङ स्कुलले एसईई परीक्षामा शतप्रतिशत नतिजा मात्र ल्याएको छैन , लगातार सर्वोत्कृष्ट स्थान हासिल गर्दै आएको छ ।

विगत १६ वर्षदेखि एसईईमा लगातार शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै आएको इमिनेन्ट कंचनजंघाले तीन वर्षदेखि सर्वोत्कृष्ट स्थानसमेत लिन सफल बनेको हो । यस वर्षको एसईई परीक्षामा शतप्रतिशत नतिजासहित इमिनेन्ट कंचनजंघाका चार जना विद्यार्थीहरुले चार जीपीए ल्याएका छन् । ३३ जना विद्यार्थीहरुले एसईई दिएकोमा चार जीपीए ल्याउने चारजनासहित २८ जना ए प्लस , ४ जना ए र एकजनाले बी प्लस ल्याएका हुन् ।


यस वर्ष झापाभरि ३१ जनाले चार जीपीए ल्याएका छन् । चार जीपीए ल्याउने सबैभन्दा धेरै चार विद्यार्थीसहित शतप्रतिशत नतिजा ल्याउने इमिनेन्ट कंचनजंघा जिल्लाकै सर्वोत्कृष्ट बनेको हो ।



इमिनेन्ट कंचनजंघाका हेमन्त राजवंशी , कुशल लिम्बू , मुना पाण्डे र रोशिका राजवंशीले चार जीपीए ल्याएका हुन् ।

२०७९ सालमा पनि इमिनेन्ट कंचनजंघाका तर्फबाट धनबहादुर थापाले चार जीपीए ल्याएका थिए । त्यस वर्ष इमिनेन्ट कंचनजंघाका थापासहित झापाबाट मात्र दुईजनाले चार जीपीए ल्याएका थिए । त्यस्तै २०८० सालको एसईईमा इमिनेन्ट कंचनजंघा गौरादह नगरभरि प्रथम भई पुरस्कृत भएको थियो । गौरादह नगरपालिकाले इमिनेन्ट कंचनजंघा र सोही विद्यालयका उत्कृष्ट विद्यार्थीलाई एक-एक लाख नगद पुरस्कारले पुरस्कृत गरेको थियो । अमला पाण्डेले स्थापना गरेको इमिनेन्ट कंचनजंघा नचलेर बन्द हुने अबस्थामा पुगेपछि हाल विद्यालय संचालक समिति अध्यक्ष रहेका सभामुख विष्टलगायतले २०५२ सालमा सो विद्यालय लिएका थिए । विद्यालय लिने बेलामा आफूहरुले १० वर्षभित्रमा विद्यालयलाई उत्कृष्ट बनाएरै छाड्ने गरेको प्रतिवद्धता स्मरण गर्दै सभामुख विष्टले त्यस अठोटलाई पूरा गरेरै छाडेको बताए । दूरदराजको ग्रामीण क्षेत्रका विद्यार्थीहरु पढ्ने इमिनेन्ट कंचनजंघाको शैक्षिक स्तर शहरको विद्यालयहरुभन्दा अब्बल रहेको उनले बताए। शिक्षक , अभिभावक र विद्यार्थीहरुको मेहनेतले विद्यालयलाई यो उचाईमा पुर्याउन सफल भएको उनको भनाई थियो ।एसईईमा उत्कृष्ट नतिजासहित उत्तीर्ण विद्यार्थीहरुलाई इमिनेन्ट कंचनजंघाले सम्मान गरेको छ । चार जीपीए ल्याउने चारजना विद्यार्थीहरुलाई जनही ११ हजार नगद पुरस्कारसहित सम्मान गरिएको थियो। उनीहरुका अभिभावकहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । एसईई उत्तीर्ण हुने अन्य विद्यार्थीहरुलाई पनि व्याग प्रदान गरी सम्मान गरिएको थियो ।

विद्यालय संचालक समितिका अध्यक्ष सभामुख विष्टको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गौरादह नगरपालिकाका नगर प्रमुख छत्रपति सुवेदीले इमिनेन्ट कंचनजंघा स्कुल गौरादहको गौरव भएको बताए । कार्यक्रममा गौरादह क्याम्पसका अध्यक्ष योगराज दाहाल , विद्यालयका संचालक इन्दिरा बस्नेत , प्रधानाध्यापक भवानीप्रसाद पाठकलगायतले शुभकामना मन्तव्य राखेका थिए । विद्यार्थीका तर्फबाट कुशल लिम्बूले आफ्नो भनाई राखेका थिए । विद्यालय संचालक राजेन्द्रकुमार सुवेदीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन शिक्षक चुडाबहादुर भुजेलले गरेका थिए ।

# कोकिनसहित दुई भारतीय नागरिक पक्राउ



झापा(प्रस)। प्रहरीले लागूऔषध कोकिनसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

सीमावर्ती कचनकवल वडा नं ४ केचनाबाट पक्राउ पर्नेहरुमा भारत विहार किसनगंज जियापोखर गिलाबारी बस्ने २३ वर्षीय मोहमद तौसिफ र उत्तर दिनाजपुर मजलिसपुर बस्ने २१ वर्षीय परवेज आलम रहेका छन् ।

मंगलवार राति कचनकवल गाउँपालिकामा मोटर चोरी गर्न आउने क्रममा पक्राउ परेका ती भारतीयहरुसंग कोकिन फेला परेको हो । राति ८.३० बजे कचनकवल गाउँपालिका वडा नं. ४ का मोजिमिल मियाँको जग्गाको आसपासमा ती दुई भारतीयलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा उनीहरुले तजेमुल मियाँको खेतमा रहेको पानी तान्ने मोटर चोरी गरी मजमुल मियाँको जग्गामा लुकाई राखेको स्वीकार गरेका थिए ।

मोटर फेला परेपछि उनीहरुमाथि थप शंका लागेर शरीर तलासी लिँदा मोहमद तौसिफले लगाएको पेन्टको दाहिने गोजीमा प्लाष्टिकसहित १ ग्राम ४२० मिलिग्राम कोकिन फेला परेको हो । उक्त लागूऔषध र ३ हर्स पावरको पानी तान्ने मोटरसहित दुवैलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक प्रवीण श्रेष्ठले बताए । उनले उनीहरुमाथि आवश्यक अनुसन्धान तथा कार्वाही भइरहेको जानकारी दिए । झापामा ब्राउनसुगर बरामद भइरहेपनि कोकिन खासै भेटिएको थिएन । केही महिनाअघि झापामा १ ग्राम ५६० मिलिग्राम चरेश बरामद भएको थियो ।

# सिद्धार्थ बैंकद्वारा ४५ थान डस्टविन प्रदान



झापा(प्रस) । सिद्धार्थ बैंक लिमिटेड शाखा बिर्तामोडले बिर्तामोड उद्योग बाणिज्य संघलाई डस्टविन बितरण गरेको छ।

बैंकको शाखा बिर्तामोडले सामाजिक उत्तरदायित्व वहन गर्दै ४५ थान डस्टविन बिर्तामोड उद्योग बाणिज्य संघलाई हस्तान्तरण गरेको हो। सिद्धार्थ बैंक लिमिटेड कोशी प्रदेश हेड सुवास श्रेष्ठ , बिर्तामोड शाखा प्रमुख सुवास श्रेष्ठले बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई डस्टविन हस्तान्तरण गरेका थिए।

सिद्धार्थ बैंकले प्रदान गरेको डस्टविन बिर्तामोड नगरलाई स्वच्छ सफा राख्न मद्दत पुग्ने बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बताए।

उनले बिर्तामोडका बिभिन्न स्थानमा डस्टविन राखिने बताउँदै आगामी दिनमा पनि सिद्धार्थ बैंकबाट यस्तै सहयोगको अपेक्षा गरे । कार्यक्रममा सिद्धार्थ बैंक लिमिटेड कोशी प्रदेश हेड सुवास श्रेष्ठले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बिर्तामोड उद्योग बाणिज्य संघलाई डस्टविन बितरण गरेको बताए ।

बिर्तामोड उद्योग बाणिज्य संघले गरेको सरसफाई अभियानमा साथ दिन आफूहरूले डस्टविन बितरण गरेको उनले बताए। कार्यक्रमको सहजीकरण महासचिव कुशल खतिवडाले गरेका थिए।

संघलाई डस्टविन प्रदान गरेर वातावरण स्वच्छ राख्ने अभियानमा सहयोग पुऱ्याएको भन्दै वैंकलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो ॥

# ओभरलोड बोक्ने सवारी साधनलाई तत्काल कारबाही गर्न निर्देशन




झापा(प्रस) । यातायात व्यवस्था विभागले क्षमताभन्दा बढी भार (ओभरलोड) बोक्ने मालवाहक सवारी साधनलाई तत्काल कारबाही गर्न देशभरका जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिएको छ ।

ओभरलोडका कारण पुल भत्किने, सडक बिग्रने र दुर्घटना बढ्ने जस्ता समस्या विकराल बन्दै गएको भन्दै विभागले बुधबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको हो ।

विभागले सबै जिल्ला प्रशासनलाई परिपत्र गर्दै भारबहन नियमनमा कडाइ गर्न निर्देशन दिएको छ ।

विभागका महानिर्देशक राजिव पोखरेलले ७७ जिल्ला प्रशासनलाई पत्र लेख्दै भनेका छन् ,' हालका दिनहरूमा मालवाहक सवारी साधनहरूले क्षमताभन्दा बढी भारबहन गरेका कारण पुल भत्किने, सडकको अवस्था बिग्रने लगायतका समस्या हुनुको साथै अधिक भारबहनकै कारण सडक दुर्घटनाहरू पनि बढेको भन्ने जनगुनासाहरू समेत प्राप्त भएको छ ।'

ओभरलोड समस्यालाई मध्यनजर गर्दै विभागले जिल्लाभित्र सञ्चालन हुने सवारी साधनले क्षमताभन्दा बढी भार बोक्न नपाउने गरी कडाइका साथ अनुगमन गर्न र गराउन निर्देशन दिएको छ । विभागले प्रचलित कानुन अनुसार जरिवाना गर्ने र बढी भएको सामान (भार) मिलान गरेर (झारेर) मात्रै सवारीलाई गन्तव्यमा जान दिने भनेको छ ।

# राधेराधे थापा मार्केट व्यवसायी उपसमिति गठन




झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले थापा मार्केटमा राधेराधे थापा मार्केट व्यवसायी उपसमिति गठन गरेको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा आयोजित कार्यक्रमकाबीच शेखरनाथ दाहालको संयोजकत्वमा उपसमिति गठन गरिएको हो । उप समितिको सह संयोजकमा सुप्रित खनाल, सचिव युवराज ओली, सह सचिव रोशन दाहाल र कोषाध्यक्षमा रीता काफ्ले चयन भएका छन् ।

उपसमितिको सदस्यहरुमा युवराज दाहाल, रोशन कार्की, रुपेश शिवाकोटी, दिपक अग्रवाल, भूमिका अधिकारी, आशा सुब्बा, सोनु अग्रवाल, विनिता केसी, राधिका भण्डारी, भिमा दुलाल निरौला, सकुन्तला निरौला,प्रदीप वास्कोटा, सुरज ओली, विमला श्रेष्ठ अधिकारी, तुलसा खड्का कार्की रहेका छन् ।

यसैगरी ११ सदस्यीय सल्लाहकार समिति गठन भएको छ । जसमा कृष्णप्रसाद प्रसाई, राम वस्नेत, जीतेन्द्र अग्रवाल, कञ्चन शर्मा, राजेश सोनी, कृष्ण मानन्धर, राजेन्द्र अग्रवाल महावीर, प्रकाश पूर्वे, गंगा प्रसाद पौडेल, बालकृष्ण अग्रवाल र गणेश मादेन सदस्य रहेका छन् ।

सो अवसरमा उपसमितिलाई १० थान डस्टविन प्रदान गरिएको संघका महासचिव कुशल खतिवडाले जानकारी दिए ।

# प्रतिबन्धित औषधीसहित दमकमा युवक पक्राउ



झापा(प्रस) । प्रतिबन्धित औषधीसहित दमकमा एक युवक पक्राउ परेका छन् ।

बुधवार दिउँसो १२:३० बजे दमक वडा न. ९ क्याम्पस मोडमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको टोलीले दमक वडा न.९ देउराली टोल बस्ने १९ वर्षीय सागर कुमाललाई प्रतिबन्धित औषधीसहित पक्राउ गरेको हो ।

उनले पछाडी बोकेको कालो रंगको झोला चेकजाँच गर्दा झोलाभित्र बिक्री वितरण गर्ने उद्देश्यले बोकी हिडेको डिसे -२० लेखेको ९ पत्ता ( ९० पिस ), ट्रामाडोल ९ पत्ता ( ९० क्याप्सुल ) फेला परेको थियो । प्रतिबन्धित औषधीसहित कुमाललाई नियन्त्रणमा लिई थप अनुसन्धानको लागि इप्रका दमकमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# धानमा भन्दा अलैँचीमा हौसिए किसान

झापा(प्रस) । अहिले पहाडी जिल्लाका किसान अलैँचीका बिरुवा रोप्न व्यस्त छन् । यो सिजन अलैँची खेती गर्ने किसानका लागि मुख्य हो । जेठ र असार महिना अलैँचीको बिरुवा रोप्न उत्तम मानिन्छ ।



यस वर्ष अलैँचीको मूल्य राम्रो भएकाले पनि किसानले अलैँची खेतीलाई जोड दिन थालेका हुन् । "आम्दानी र उत्पादनको तुलना गर्दा धानले भन्दा अलैँचीले राम्रो आम्दानी दिएको पाइयो," इलामको सन्दकपुर गाउँपालिकास्थित माइमझुवाका किसान नरेन्द्र पौड्यालले भने, "त्यही भएर यस वर्ष खेतमा पनि अलैँची नै रोपियो ।" धान खाद्यान्नका लागि महत्वपूर्ण भए पनि अलैँची एक पटक लगाएपछि कम्तीमा आठ-१० वर्षसम्म हुने भएकाले धान खेतमा अलैँची लगाएको पौड्यालको भनाइ छ ।

यस वर्ष अलैँचीको मूल्य प्रतिमन एक लाख १० हजार रुपियाँसम्म खरिद बिक्री भएकाले किसान अलैँची खेतीमा निकै हौसिएको इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौड्यालको बुझाइ छ। "आफ्नो खेतीयोग्य जमिन बाँझो राखेर युवा बिदेसिने चलन बढेको छ तर विदेशको कमाइभन्दा आफ्नै जग्गामा आम्दानीमूलक नगदे बाली लगाउने हो भने राम्रो आम्दानी हुन्छ भन्ने उदाहरण अलैँचीले देखाएको छ ।"

पौड्यालले भने, "प्रतिमन एक लाख १० हजार रुपियाँमा एउटा किसानले अलैँची बेच्नु चानचुने कुरा होइन ।" अलैँची उत्पादन हुने क्षेत्रका स्थानीय तहले पनि अलैँची खेतीमा युवालाई प्रेरित गर्न जरुरी छ ।

यता अलैँचीकै लागि काम गरिरहेको अलैँची विकास केन्द्रले यस वर्ष करिब एक लाख २५ हजार बिरुवा किसानलाई बिक्री गरेको छ। बिउबाट र टिस्यु कल्चर प्रविधिबाट उत्पादन गरिएका स्वस्थ्य बिरुवा किसानलाई उपलब्ध गराइएको केन्द्रका प्रमुख राजन परियारले बताए ।

### कुटपिटबाट...

आदित्य तामाङ स्कुलबाट ट्यूसन पढेर घरतर्फ फर्कदै गर्दा ध्रुबतारा बोर्डिङ स्कुल दुधेमा अध्ययनरत आयुस राई समेत ६ जनाले वडा नं ११ स्थित प्लटिङमा बोलाई कुटिपट गरेका थिए । घाइतेलाई बीएण्डसी अस्पताल लगिएको थियो । बीएण्डसी अस्पतालमा उपचारका क्रममा आदित्यको मृत्यु भएको हो । कुटपिट गर्नेहरुलाई पक्राउ गरी आवश्यक कारबाही गरि पाउँ भनी आदित्यका आफन्तले सोमवार लिखित निबेदन दिनासाथ इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी टोली खटिएर कुटपिटमा संलग्नहरुलाई पक्राउ गरेको थियो । यसअघि कुटपिटबाट घाइते भएका शिवसताक्षी ९ बस्ने १९ वर्षीय रोमन थापाको असार १४ गते बिहान मृत्यु भएको थियो ।

# कर्तव्य ज्यान मुद्धाका फरार प्रतिवादी ४५ वर्षपछि पक्राउ




झापा(प्रस) । कर्तव्य ज्यान मुद्धाका फरार प्रतिवादी ४५ बर्षपछि पक्राउ परेका छन् ।पक्राउ पर्नेमा इलाम सन्दकपुर गाउँपालिका वडा नं. ५ बस्ने ७६ वर्षीय तीलबहादुर गुरुङ रहेका छन् । उनलाई मंगलवार पक्राउ गरिएको हो । इलाम जिल्ला अदालतबाट २०३८ साल जेठ १२ गतेको फैसलाले कर्तव्य ज्यान कसूरमा उनलाई १० वर्ष कैद सजाय तोकिएको थियो ।

जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको बिशेष टोलीले सन्दकपुर गाउँपालिका वडा नं.५ मा लुकिछिपि बसेको अवस्थामा पक्राउ गरी जिल्ला कारागार इलाम पठाइएको सूचना अधिकारी प्रहरी निरीक्षक संजिव बोगटीले जानकारी दिएका छन् ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः बाटो, पश्चिमः श्री मनकुमार ढकाल, उत्तर : श्री हरि गिरी, दक्षिणः बाटोको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री सुस्मीता भुजेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १८०० ०८१ | १४८३ | १९३.० | १०८४६ | २०८२/०२ /१२ | २०८२/०३ /११ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री लालबहादुर राई को नाममा जारी गरिएको ।

साविक गरामनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ७ बस्ने श्री मिना घिमिरेले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ७ | १८०० १६१ | २६१ | ११९.७० | २०८१/०७ /११ | २०८१/०७ /११ | २०८१/११/०४ |

**डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं**

बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश



**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री पुष्पाञ्जली शिवाकोटी, दक्षिणः श्री सपना खतिवडा को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री देउ कुमारी राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | २३४८ | १७७.७८ | २०८२/०१ /२५ | २०८२/०१ /२५ | २०८२/०३/१२ |

**हिमालयन लाइफ इन्स्योरेन्स लि.**

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | gli0230001102 | कमल घिमिरे | बिर्तामोड-६ ,झापा |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# एसइईमा सुधार

यस पटक एसइईमा नियमिततर्फ चार लाख ३८ हजार ८९६ परीक्षार्थी सहभागी भएका थिए, जसमध्ये दुई लाख ७१ हजार २९९ जना उत्तीर्ण भए । एक लाख ६७ हजार ५९७ जना अनुत्तीर्ण अर्थात् नन ग्रेडेडमा परेका छन् । अघिल्लो सालको तुलनामा यस वर्ष १३.९५ प्रतिशतको उल्लेख्य वृद्धि हुनु समग्र शैक्षिक क्षेत्रकै लागि सकारात्मक सन्देश हो । गत वर्ष ४७.८६ प्रतिशतमा सीमित रहेको उत्तीर्ण दर यस पटक ६१.८१ प्रतिशत पुगेको छ । यो सफलतालाई कुनै एक पक्षको मात्र नभई सबैको सामूहिक प्रयासको प्रतिफलका रूपमा बुझ्नु पर्छ ।

गत वर्षको नतिजामा आधाभन्दा बढी परीक्षार्थी अनुत्तीर्ण भएपछि सरोकारवाला सबैको ध्यान यस पटकको नतिजा सुधार गर्नु पर्छ भन्नेतर्फ केन्द्रित भएको थियो । उक्त घटनाबाट पाठ सिकेर शिक्षण सिकाइ क्रियाकलापमा व्यापक सुधार गरिएको थियो । त्यति मात्रै होइन, एसइईमा सहभागी हुने विद्यार्थीलाई लक्षित गरेर सरकारले अनलाइनमार्फत विशेषज्ञ शिक्षकको सहयोगमा तयारी कक्षाहरू पनि सञ्चालन गरेको थियो । उक्त कक्षामा जोडिएका हजारौँ विद्यार्थीहरूको मेहनत र विशेषज्ञ शिक्षकहरूको अथक प्रयास नतिजा सुधार आउनुको थुप्रै कारणमध्येका एक हुन् । एसइईको नतिजा प्रकाशनमा राष्ट्रिय परीक्षा बोर्डले गत वर्षदेखि नयाँ व्यवस्था गरेको थियो । उक्त व्यवस्था अनुसार सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत र आन्तरिकतर्फ न्यूनतम ४० प्रतिशत अक्त ल्याउने परीक्षार्थीलाई मात्रै ग्रेडेड समूहमा राख्ने गरिएको छ । गत वर्ष पहिलो पटक लागु गरिएका कारण धेरै परीक्षार्थी अनुत्तीर्ण भएको र सोही अनुत्तीर्ण दरलाई हेरेर विद्यार्थीमा पढ्ने बानीको समेत विकास हुँदा नतिजा अहिले सुधारिएको विश्लेषण पनि गरिएको छ । यी सबै तयारीका आधारमा सरकारले यस पटक एसइईमा न्यूनतम ७० प्रतिशत परीक्षार्थी उत्तीर्ण गराउने लक्ष्य लिएको थियो । अहिलेको नतिजा सरकारी लक्ष्यको हाराहारी नै पुगेको मान्नु पर्छ । अनुत्तीर्ण भएका परीक्षार्थीका लागि बोर्डले साउन २९ गतेबाट ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्दै छ । उक्त परीक्षामा सहभागी परीक्षार्थीको उत्तीर्ण प्रतिशतलाई समेत आधार मानेर गणना गर्ने हो भने यस पटकको नतिजा सरकारी लक्ष्यभन्दा पनि बढी हुने देखिन्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# चार जिपिएको मूल्यांकन



हरिप्रसाद पौडेल

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८१ को नतिजा प्रकाशित भएको छ । विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय, लगानीकर्ता र सरकारी संस्थाबाट सबैभन्दा जोड दिएर प्रचारप्रसार गरिएको विषय भनेको आफ्नो वा आफू सम्बद्ध शैक्षिक संस्थामा कति संख्यामा विद्यार्थी उत्तीर्ण भए र ककसले ३.६ देखि माथि चार जिपिएसम्म प्राप्त गरे भन्ने हो । कुनै कानुन र नियमले नचिनेको भए पनि ग्रेडको उक्त वर्गान्तरलाई 'ए प्लस' भनेर प्रचार गर्न शिक्षक, अभिभावक र विद्यार्थीले छाडेका छैनन् । (यो आलेखमा भने यस वर्गान्तरलाई उच्च जिपिए भनिएको छ) । कतिपय विद्यार्थीले छ वटा विषयमा राम्रो ग्रेड प्राप्त गरेर पनि एउटा विषयमा कमजोर नतिजा आएका कारण समग्रमा ३.६ भन्दा मुनिको जिपिए प्राप्त गरेको वा अवर्गीकृत समूहमा समेत परेका छन् (यस लेखमा त्यस्तो ग्रेडलाई मध्यम ग्रेड भनिएको छ) । त्यस्ता विद्यार्थी भने उच्च जिपिएको ठेलमठेलमा पर्दा पछाडि परेका छन् । संख्यात्मक रूपमा बहुमतमा रहे पनि यस वर्गका विद्यार्थीको नतिजाप्रति सहानुभूति दिन अभिभावकदेखि राज्यसम्म कोही पनि तयार छैन । उच्च ग्रेड प्राप्त गर्नु सकारात्मक पक्ष हो तर सबै विद्यार्थीले चार जिपिए नै प्राप्त गर्न सम्भव छ कि छैन भन्ने प्रश्न विचारणीय छ । अर्कोतर्फबाट हेर्दा सबै विद्यार्थीले चार जिपिए प्राप्त गर्नु राज्यको लक्ष्य हो ? वा त्यो राज्यका लागि आवश्यक हो ? भन्ने जस्ता प्रश्न गम्भीर रूपमा प्रकट हुन सक्छन् । सबै विद्यार्थीले चार जिपिए ल्याउनु राज्यको लक्ष्य होइन भने चार जिपिए ल्याउने विद्यार्थीको अस्वाभाविक प्रचारप्रसार गरिनु उपयुक्त देखिँदैन ।

### सम्भव छ ?

शिक्षण र परीक्षणलाई शिक्षा प्रणालीका दुई वटा महत्वपूर्ण आयामका रूपमा लिने गरिन्छ। शिक्षण पद्धतिले सबै बालबालिकाले आफ्नो क्षमता अनुसार फरक फरक तरिकाबाट सिक्न सक्ने कुराको मान्यता राख्छ । शिक्षणशास्त्रीय मान्यता अनुसार सही विधिद्वारा शिक्षण गर्ने हो भने सबै बौद्धिकस्तरका बालबालिकाले सिक्न सक्छन् । परीक्षण प्रणालीले भने सबै विद्यार्थीले परीक्षामा समान अङ्क वा ग्रेड ल्याउन सक्दैनन् भन्ने दृष्टिकोण राख्छ । परीक्षण साहित्यमा असल परीक्षा त्यसलाई मानिन्छ जसले जान्ने र नजान्ने विद्यार्थीका बिचमा विभेदीकरण गर्न सक्छ । त्यसैले परीक्षा स्तरीय र गुणात्मक हुने हो भने यसले विद्यार्थीको प्राप्ताङ्कमा भिन्नता कायम गर्छ । शिक्षण र परीक्षणको फरक मान्यताका कारण एउटा स्वाभाविक प्रश्न पैदा हुन्छ । सबै बालबालिकाले विषयवस्तु सिक्न सक्छन् भने सबै बालबालिकाको प्राप्ताङ्क/ग्रेड समान हुन नहुनुको कारण के होला ? यस प्रश्नको जवाफ दिन के गरिएको छ भने शिक्षा पद्धतिले सबै बालबालिकालाई सिक्ने अवसर प्रदान गर्नु पर्छ जुन बालबालिकाको स्वाभाविक अधिकार पनि हो । केही बालबालिकाले सिक्ने अवसरलाई सदुपयोग पूर्ण रूपमा गरेनन् भने त्यसको परिणाम उनीहरूले बेहोर्नु पर्छ । त्यस्तो परिणाम भनेको अङ्क वा ग्रेडमा हुने कम वा बेसी हो । सबै विद्यार्थीले चार वा उच्च जिपिए नै प्राप्त गर्नु पर्छ वा प्रदान गरिनु पर्छ भन्ने चाहिँ उनीहरूको अधिकार होइन बरु यो उनीहरूको क्षमताको प्रश्न हो । अर्को पाटोबाट हेर्ने हो भने परीक्षामा विद्यार्थीले प्राप्त गरेको अङ्क भनेको विद्यार्थीले सिक्ने अवसर कति मात्रामा तथा कुन रूपमा प्राप्त गऱ्यो र त्यस अवसरलाई उसले कुन हदसम्म सदुपयोग गऱ्यो भनेर अनुमान लगाउने प्रणाली हो । आम बुझाइमा भए जस्तो चार जिपिए ल्याउने विद्यार्थी सर्वज्ञ हुने र अवर्गीकृत हुने विद्यार्थी बुद्धुकै वर्गमा गनिने कुरामा कुनै सत्यता छैन ।

चार जिपिए ल्याउने व्यक्तिलाई स्वर्ण पदक विजेताकै रूपमा समेत चित्रित गरिएको प्रतीत हुन्छ । यसलाई सही नै मान्ने हो भने पनि सबै विद्यार्थीले स्वर्ण पदक नै जित्ने हो भने त्यो स्वर्ण पदकको के महत्व रहन्छ र ? सबै विद्यार्थीले उच्च ग्रेड प्राप्त गर्ने हो भने त्यस्तो ग्रेडको ओज नै के हुन्छ र ? यस्तो अवस्थामा ग्रेड स्फीति हुन जान्छ । अमेरिका, बेलायत, फ्रान्स, जर्मनी जस्ता देशमा ग्रेड स्फीतिलाई लिएर शैक्षिक क्षेत्रमा विवादसमेत हुने गरेको छ । नेपालको सन्दर्भमा मनन गर्दा पनि सबै विद्यार्थीले चार जिपिए नै ल्याउन व्यावहारिक रूपमा सम्भव देखिँदैन, न त यो नेपालका लागि आवश्यक नै हो । बरु आवश्यकता चाहिँ सबै विद्यार्थीले न्यूनतम सक्षमता वा ग्रेड हासिल गरून् भन्ने हो ।

### चार जिपिए ल्याउनेको भविष्य

उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीले वर्तमानमा पाएको उच्च चर्चा, बधाई र स्याबासी उनीहरूका लागि भविष्यको चुनौती पनि हुन सक्छ । मानौँ अहिले चार जिपिए प्राप्त गर्ने विद्यार्थी भविष्यको अध्ययनका क्रममा अनुत्तीर्ण हुने वा कमजोर ग्रेड प्राप्त गर्ने अवस्था आएमा त्यो वर्तमान नतिजाले जटिल प्रश्नको सामना गर्नु पर्छ । यस अवस्थाले विद्यार्थीमा मनोवैज्ञानिक समस्यासमेत सिर्जना गर्न सक्छ । अर्कोतर्फ मध्यमस्तरको ग्रेड प्राप्त गर्ने विद्यार्थीलाई त्यस्तो दबाब कम पर्न सक्छ । कुनै विद्यार्थीले अहिले चार जिपिए प्राप्त गर्दैमा उसको भविष्यको व्यावसायिक जीवन पनि सफल हुने कुराको कुनै सुनिश्चित छैन । व्यावसायिक रूपमा सफल मानिएका व्यवस्थापक, इन्जिनियर, डाक्टर वा शिक्षक कसैको पनि ग्रेड हेरेर सेवाग्राहीले उनीहरूसँग सेवा लिँदैनन् । यस अवस्थामा उनीहरूको कार्यकुशलता सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसैले विद्यार्थीको जीवनमा पनि चार जिपिए प्राप्त गर्ने भन्दा व्यावहारिक ज्ञान र सिप हासिल गर्ने कुरा महत्वपूर्ण हुन्छ ।

### योगदानको अपेक्षा

राज्यले शैक्षिक क्षेत्रमा गरेको वर्तमान लगानीले भविष्यमा प्रतिफल प्राप्त गर्नुपर्ने मान्यता हुन्छ । यस प्रकारको लागत प्रतिफलको मान्यतालाई अहिलेको बौद्धिक पलायनले चुनौती दिइरहेको छ । राज्यले लगानी गरेर निःशुल्क शिक्षा प्रदान गर्ने तर शिक्षा प्राप्त गरिसकेपछि नागरिक विदेशमा नै पलायन हुने हो भने राज्यको लगानी व्यर्थमा खेर जान्छ । विद्यार्थीले प्राप्त गरेको ग्रेडका आधारमा बिदेसिने विद्यार्थीको भरपर्दो तथ्याङ्क प्राप्त नभएको भए पनि के अनुमान गर्न सकिन्छ भने उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीले विदेशी विश्वविद्यालय वा शिक्षालयमा समेत सहजै भर्ना पाउने भएको हुँदा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीको बाहुल्यता पनि उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीकै हुन्छ । उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थी दीर्घकालीन रूपमा नै बिदेसिने हो भने देशको सेवा गर्ने जनशक्ति भनेको मध्यमस्तरको ग्रेड पाउने विद्यार्थी नै हुने गर्छन् । यसर्थ हामीले उच्च ग्रेड पाउने विद्यार्थीलाई झैँ मध्यमस्तरको ग्रेड प्राप्त गर्ने र अहिले अवर्गीकृत भएका तर भविष्यमा वर्गीकृत हुने विद्यार्थीलाई समेत समान महत्व दिनु जरुरी छ किनभने भविष्यमा राज्यले उनीहरूबाट नै सेवा लिने छ ।

सबै विद्यार्थीले उच्च ग्रेड प्राप्त गर्न सकून् भन्ने शिक्षक, अभिभावक र राज्यको चाहना हो । यो चाहना पूर्ण रूपमा पूरा हुन सम्भव छैन । उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीको प्रचारले सबै विद्यार्थीलाई एउटा प्रेरणा प्रदान गर्न सक्छ । यस्तो प्रचारबाट सबै विद्यार्थी उच्च ग्रेड प्राप्त गर्ने दिशातर्फ अभिमुख हुन्छन् भन्ने अपेक्षा पनि गर्न सकिन्छ । यसरी गरिने प्रचारप्रसारले उच्च ग्रेड प्राप्त गर्न नसकेका विद्यार्थीमा, जो बहुसंख्यकमा रहेका हुन्छन्, आफूप्रति हीन भावना पैदा हुन सक्छ । यस अवस्थाको समाधान भनेको उच्च ग्रेड र मध्यम ग्रेड प्राप्त गर्ने दुवै प्रकारका विद्यार्थीलाई समान महत्व दिनु हो ।

### ग्रेडको जस र अपजस

उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीका विषयमा कसले जस लिने भन्ने होडबाजी छरपस्टिएको पाउन सकिन्छ । शिक्षालयले ठुलठुला ब्यानर र फ्लायर बनाएर चार जिपिए प्राप्त गर्ने विद्यार्थीलाई बधाई दिँदै आफ्नो विद्यालय अब्बल रहेको विज्ञापनसमेत गरेका छन् । कुनै विद्यालयमा ३.६ देखि चार जिपिए प्राप्त गरेका विद्यार्थी रहेका रहेछन् भने अन्य विद्यार्थीको नतिजा कमजोर नै भए पनि उक्त विद्यालयले उच्च ग्रेडको नकाबले अन्य विद्यार्थी छोपेर आफू अब्बल रहेको दाबी गर्छ । अर्कोतर्फ अभिभावक र विद्यार्थीले उच्च ग्रेडको दाबी आफ्नो मेहनतका कारणले प्राप्त भएको भन्ने हुन्छ । सरकारले पनि आफूले अथक प्रयासका कारण नतिजामा सुधार ल्याएको दाबी गरेको छ । यसमा कसको दाबी बलियो भन्ने निष्कर्षमा पुगुअघि केही महत्वपूर्ण प्रश्नको जवाफ दिनु आवश्यक छ ।

मानौँ विद्यालयको मेहनतका कारणले कुनै विद्यार्थीले चार जिपिए प्राप्त गरेको हो भने किन बाँकी विद्यार्थीले उच्च ग्रेड प्राप्त गरेनन् ? सरकारको प्रयासले नतिजा सुधार भएको भए, किन सबै विद्यार्थी उत्तीर्ण भएनन् वा चार जिपिए प्राप्त गर्न सकेनन् ? यी प्रश्नको चित्त बुझ्दो जवाफ कोहीसँग छैन । बरु विद्यार्थीको दाबी सही यसर्थ हुन सक्छ कि उसले मेहनत गरेकाले राम्रो ग्रेड प्राप्त भयो । अनुत्तीर्ण हुने र कमजोर ग्रेड प्राप्त गर्ने विद्यार्थी र उनीहरूका अभिभावकले भने आफ्नो कमजोरी स्विकार्नेभन्दा विद्यालय र शिक्षकप्रति दोष देखाउने प्रचलनसमेत रहेको छ । राम्रो नतिजा प्राप्त त्यस अवस्थामा प्राप्त हुन्छ जहाँ विद्यालय/शिक्षक र विद्यार्थी/अभिभावकको राम्रो सहकार्य भएको हुन्छ । अन्यथा विद्यार्थीको नतिजा कमजोर हुने पक्का छ । यस अवस्थामा पनि सफलताको जस लिनेभन्दा असफलतालाई कामयाबी बनाउन अभिमुख हुनु आवश्यक छ ।

परीक्षामा सफलता प्राप्त भएको श्रेय लिन लाम लाग्नुभन्दा असफलता सुधार गर्नेतर्फ कार्योन्मुख हुन आवश्यक छ । यसले आगामी दिनमा दिगो र सकारात्मक नतिजा प्राप्त हुने छ । विद्यार्थीले चार जिपिए प्राप्त गर्नु ठुलो सफलता त हो तर यही नै साध्य होइन । मध्यमस्तरको ग्रेड भनेको प्रचार गर्न अयोग्य नै चिज पनि होइन । सबै विद्यार्थीका उपलब्धिलाई समान तवरबाट सम्मान र स्वीकार गर्नु विद्यालय, सरकार र अभिभावकको दायित्व हो । यो दायित्व हामीले कुशलतापूर्वक वहन गरेको खण्डमा नेपालको शैक्षिक भविष्य उज्ज्वल छ ।

# पर्यटन विकासको मेरुदण्ड



हरिगोपाल प्रधान

संसारको जुनसुकै राष्ट्रको समुन्नति र विकासका लागि नभई नहुने एउटा माध्यम पर्यटन हो । पर्यटनलाई बढावा दिने मुख्य साधन यातायात हो । यातायातबिना पर्यटन विकासको कल्पनै गर्न सकिँदैन । यातायात असुविधाकै कारणले पहाडी राष्ट्रमा विकासको गति मन्द हुन्छ । यस्ता राष्ट्रमा यातायातका साधन विकट पहाडी क्षेत्रमा पुऱ्याउन कठिन र जोखिमपूर्ण हुन्छ । त्यसैले त्यस्ता क्षेत्रमा हवाई यातायातको व्यवस्था गर्नु पर्छ । हवाई यातायातको व्यवस्था गर्न पनि महँगो पर्छ । नियमित उडान गराउन विविध समस्याका कारणले कठिन हुने भए पनि त्यस्ता राष्ट्रमा स्थल यातायातभन्दा हवाई यातायात चाँडै व्यवस्था गर्न सकिन्छ ।

नेपालको भूधरातललाई दृष्टिगत गर्दा हवाई यातायातलाई पर्यटन प्रवर्धनका लागि प्रयोग गर्नु हाम्रो आवश्यकता र चुनौती दुवै हो । यसका लागि सरकारी नियन्त्रणको नेपाल वायुसेवा निगमलाई सबल बनाउनु पहिलो कर्तव्य हुन आउँछ । आन्तरिक तथा बाह्य पर्यटकलाई एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्नु मात्र होइन, यातायातको सुविधा नभएका ठाउँमा उपभोग्य वस्तुको ढुवानी गर्नु पनि हवाईसेवाको कर्तव्य हो ।

न्यून भूभाग मात्र सुगम र अत्यधिक भूभाग दुर्गम रहेको हाम्रो राष्ट्रमा अझैसम्म पनि कतिपय सुगम मानिने ठाउँमा समेत यातायात सेवा पुऱ्याउन सकिएको छैन । हिमाली र पहाडी भेगमा पर्ने धेरै जसो स्थान यातायात सुविधाबाट वञ्चित छन् । विकासको गति तीव्र बनाउने हो भने नेपालका हिमाली र पहाडी भेगका सबै ठाउँमा यातायात विस्तार गर्नु अत्यावश्यक छ । हिमाली प्रदेशमा राजमार्ग निर्माण गर्नुपर्ने प्रस्ताव भर्खरै आएको छ । सरकारको इच्छाशक्ति, विश्वसनीयता र जनपरिचालन हुने हो भने यो काम कठिन र असम्भव हुँदै होइन । नेपालको पर्यटन विकासमा यातायातका यस्ता पक्षले अहम् भूमिका खेल्न सक्छन् ।

नीति निर्माण तहमा रहेका व्यक्तिको अदूरदर्शिताका कारणले आन्तरिक तथा बाह्य दुवै प्रकारका पर्यटकले समुचित सेवा पाउन सकिरहेका छैनन् । नेपालभित्रको आन्तरिक राजनीतिक द्वन्द्वबाहेक सिधा बाटो नपाएर पनि विदेशी पर्यटक नेपाल आउन पाइरहेका छैनन् । विश्वमा पर्यटकीय गतिविधिको बढ्दो क्रियाकलापले नेपालमा पनि पर्यटक संख्यामा उल्लेख्य वृद्धि हुने आशा सबैमा पलाएको छ । नेपाल वायुसेवा निगमले विश्वका ठुलठुला वायुसेवा निगमले उडान गर्ने दोहा, दुबई र दमामसँग सिधा हवाई सम्पर्क जोडेको छ । त्यसले युरोप र अमेरिकाका पर्यटक नेपाल आउन सजिलो भएको हुँदा पर्यटक संख्यामा उल्लेख्य वृद्धि हुने आशा पलाउनु स्वाभाविक हो । खाडी राष्ट्रमा काम गरिरहेका करिब १० लाख नेपाली मजदुरको आवतजावत यो उडानले सुविधा पुऱ्याएको छ । दुबई र दमामसँग सिधा हवाई सम्पर्क भइरहेकाले विदेशी पर्यटकले भारत हुँदै नेपाल आउनुपर्ने बाध्यता हटेको छ । निगमले आफ्नो ध्वजावाहक विमान संख्यामा बढोत्तरी गरी नियमित उडान गरे राष्ट्रका लागि यसलाई ठुलो उपलब्धि मान्नु पर्छ ।

हाम्रो जस्तो हिमाल र पहाडले भरिएको मुलुकमा विदेशी पर्यटकलाई भित्र्याउन सक्नु र उनीहरूबाट विदेशी मुद्रा प्रशस्त आर्जन गर्न सक्नु हाम्रो प्रमुख कर्तव्य हो । यो कर्तव्यको निर्वाह गर्ने प्रमुख माध्यम नै हवाईसेवा हो । पर्यटन-उद्योग नै देश विकासको मेरुदण्ड भएकाले र पर्यटन उद्योगको विकास हवाईसेवाको क्रियाकलापमा नै निर्भर रहेकाले यसको उचित संरक्षण र व्यवस्थापन गर्नु अत्यावश्यक छ । यसले पर्यटन क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्न र राष्ट्रको उन्नति गर्न हामीलाई सजिलो पर्ने छ ।

नेपालले हवाईसेवाबाट आयआर्जन गर्न सकिरहेको छैन । नेपालमा कमिसनतन्त्र, राजनीतिक द्वन्द्व, राजनीतिक हस्तक्षेप र समुचित व्यवस्थापन अभावले अपेक्षित लाभ लिन सकिरहेको छैन । हालै मात्र अन्तर्राष्ट्रिय हवाईसेवामा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) का कारणले विदेशी पर्यटकको संख्यामा गिरावट आई भारतलगायत अन्य देशबाट नेपाल आउने पर्यटक संख्यामा समेत कमी आएकाले पनि नेपाललाई केही समस्या परेको छ । अहिले न्यूनतम विदेशी मुद्रा मात्र पर्यटन व्यवसायबाट नेपालले आम्दानी गर्ने गरेको छ ।

२० वर्षदेखि हवाई यात्रुको संख्या विश्वमा नै बढिरहेको छ । हवाई यात्रुको संख्या बढेपछि सडक यात्रुको संख्या घटिरहेको छ । सडक यात्राले भन्दा हवाई यात्राले पर्यटकलाई बढी सुविधा दिएका कारणले यस्तो भएको हुन सक्छ । हवाई यात्राको प्रतिशत लगातार बढिरहे झैँ सडक यात्राको प्रतिशत लगातार घटेको छ । हवाई यातायातका क्षेत्रमा यो शुभ सङ्केत हो । युरोपबाहेक अन्य क्षेत्रका पर्यटक परिवहनमा हवाई यातायातको प्रयोग ५० प्रतिशतभन्दा बढी नै हुने गरेको छ ।

विश्वभरका कुल १.७ अर्ब पर्यटकले हवाई यातायातमार्फत आफ्नो यात्रा तय गर्ने गरेको अभिलेख छ । उता एसिया र प्रशान्त क्षेत्रका हवाईसेवाले आफ्नो परिवहन क्षमता विगतको तुलनामा झन्डै १० प्रतिशतले बढाएका छन् । विश्वव्यापी अनुमानभन्दा अलि बढी अर्थात् ८० प्रतिशत यात्रु भार प्राप्त भइरहेको छ ।

विश्वको हवाई यातायातको विकासक्रमसँगसँगै हवाई यात्राको लागत कम गर्ने पद्धतितिर पनि ध्यान दिन थालिएको छ । आगामी दिनमा हवाईसेवा र पर्यटनमा अरू चाप थपिई चर्को प्रतिस्पर्धा हुने स्थिति भएकाले लागत कम गर्नेतर्फ ध्यान जानु स्वाभाविक पनि हो ।

हवाई यातायातका क्षेत्रमा नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा बोइङ ७७७ र एयरबस ३३०-२०० सम्म उत्रिने क्षमता भइसकेको हुँदा अब बढ्दो परिवहन धान्न विमानस्थलको आफ्नो धावनमार्गलाई पनि अझै वृद्धि गर्नुपर्ने भएको छ । यसका साथसाथै द्रुत टिकेटिङ र उच्च अनुगमनको सुविधा पनि पूरा गर्नुपर्ने भएको छ । पर्यटकीय कागजातको द्रुत व्यवस्थापनको जरुरी पर्ने भएको छ । इन्टरनेटको व्यापक प्रयोग गरी समयानुकूल हुनु पनि आवश्यक छ भने ट्राभल एजेन्टले ट्रेकिङ एजेन्सी वैकल्पिक वा इच्छाधीन सेवाको पर्याप्तताले गर्दा सोही अनुरूप यात्रुले पनि बढी मोलाहिजा र बार्गेनिङ गर्ने हुनाले त्यसप्रतिको भूमिका पनि साँच्चै महत्वपूर्ण हुने स्पष्ट छ ।

नेपालको पर्यटन व्यवसायलाई गति दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल वायुसेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड, निजीस्तरका हवाई कम्पनी तथा विभिन्न ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, नेपाल पर्वतारोहण संघ, यातायात व्यवसाय र होटेलको महत्वपूर्ण भूमिका छ । अन्य विभिन्न संघ संस्थाको पनि प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध छ । सम्बन्धित सम्पूर्ण निकायबिच आवश्यक समन्वय र सामञ्जस्य हुन नसक्दा त्यसले पर्यटन व्यवसायलाई असर पारेको छ र अस्वस्थ प्रतिस्पर्धाका कारणले आफ्नो लक्ष्यप्राप्तिका लागि कठिन भइरहेको छ ।

सरकारी नीति निर्धारक, चालक दल, हवाई कम्पनीमा काम गर्ने कर्मचारी, हवाई कम्पनीका मालिक, सरकारी निगमको व्यवस्थापन पक्षसँग सम्बन्धित व्यक्ति र उड्डयनसँग सम्बन्धित व्यक्तिका दृष्टिकोणमा समन्वय र सामञ्जस्य ल्याउन आवश्यक छ । राष्ट्रिय हितमा ती सबैलाई प्रयोग गर्न नसकेसम्म आन्तरिक र बाह्य दुवै पर्यटनको एवं पर्यटन व्यवसायको समेत भविष्य उज्ज्वल बनाउन कठिन छ ।

नेपालको अधिकांश भूभाग पहाड र पर्वतले भरिएको छ । यहाँ उड्डयनको विशेष महत्व छ । नेपालमा हाल ६० वटा विमानस्थल छन् र तीमध्ये २५ वटा विमानस्थलको कालोपत्रे भइरहेको छ । ३५ वटा कच्ची विमानस्थल छन् । रातिको समयमा पनि उडान भर्न सक्ने आठ वटा विमानस्थल छन् । ती सबै विमानस्थल संरक्षण गरेर समुचित ढङ्गले उपयोग गर्ने हो भने त्यसले नेपालको पर्यटन क्षेत्रलाई धेरै फाइदा पुऱ्याउने छ । आगामी दिनमा नेपालमा विदेशी पर्यटकको संख्या बढ्ने कुरा निश्चित

❖ बाँकी तेस्रो पृष्ठमा

# बताउनेहरु



शालिक भट्टराई 'अन्तरे '

रङ्गशालामा आज ठुलै सभा हुँदैछ रे जाउँ है...। गाउँमा चिम्सेले साथीभाइमा खैलाबैला मच्चायो। उजेलीका, "बा" दानावोटे गाउँका अरु बुढापाका सबै जम्मा भएर निक्कै ठुलो जमात रङ्गशालामा पुगे । प्रधानमन्त्री आजै हवाईमार्ग हुँदै आएका रे, बुढाहरुले खासखुश कानेखुशी गरे । कार्यक्रम निक्कै तमास अनि तामझामले शुरुआत गरियो । ठुलामन्त्री, सानामन्त्री, सांसद, मेयर-उपमेयरहरु वडा अदक्षेहरु लगायतका मान्छेको आसन ग्रहण शुरु भयो । भुईंमान्छेहरु आ-आफ्नो सुविधा हुने चौर र ढुङ्गाको आड लिएर तल चौरमा बसे ।

जब भाषण शुरु भयो---सबै सांसद, मन्त्रीहरुले यो गर्ने ऊ गर्ने यसो गर्नुपर्ने उसो गर्नुपर्ने करिव करिव देश छिट्टै उभो लाउने कुरा बताए । राष्ट्रिय गौरवका आयोजनादेखि साना- साना कुलो खन्ने कुरा समेत गर्ने कुरा बताए । बाटाघाटा बनाउने कुरा बताए । पुल पुलेसा, भ्यू-टावरहरु बनाउने बताए । बृक्षारोपण गरेर मुलुकलाई हराभरा बनाउने बताए । कृषि विकास गर्ने, पशुपालन गरेर मुलुकलाई आत्मनिर्भर बनाउने बताए । गुणस्तरीय शिक्षाको विकास गर्ने बताए । निःशुल्क स्वास्थ्य उपचार गर्ने कुरा बताए । तल भुईंमा बसेकाहरुले हौसिदै कस्सिएर ताली बजाए ।यस्तैमा, दानाबोटे उजेलीका बा चिम्से समेत सबैले ताली नबजाइ बस्न सकेनन् । मुख्य अतिथि रहेका प्रधानमन्त्रीको जब पालो आयो- उनले चै काम गर्ने कुरा बोल्नु होला भन्ने उजेलीका बा लगायतले सोचेका थिए । तर, उनले पनि देश समृद्ध बनाउने कुरा बताए । तोकिए बमोजिमकाहरुले बताउने काम सकियो । मोटर गाडीहरुको ताँती छुट्यो ।पाले पहरा दिएकाहरु हस्याँङ-फस्याङ गर्दै सवारी चलाउन तयार भए । सभास्थल क्षणभरमै सन्नाटामा परिणत भयो । उता धुलो धुँवा जतातत्तै मुख थुनेर खोक्दै बुढाहरु साँझ घरबास फर्किए ।

केही दिनपछि स्वास्थ्य मन्त्री अस्पतालमा आउने चर्चा गाउँका लाठेहरुले बुढाहरुलाई सुनाए । उजेलीका बा लगायतका बुढाहरु समयमै अस्पताल पुगे । अस्पतालको चौरमा ठुलो पण्डाल तयार थियो । बिच भागमा भव्य मञ्च र उक्त मञ्चमा सोफा कुसी ताँती र भाँती मिलाएर राखिएको थियो । छिट्टै कार्यक्रम स्थलमा पुगेका हुनाले बुढाहरु कुर्सीमा बस्न भ्याए । समय निक्कै घर्किएपछि अस्पताल मन्त्री आईपुगे । मञ्चमा बस्ने लगभग सबैले भाषण गरे । भाषणमा हामी निरोगी र स्वस्थ्य रहनु पर्ने बताए । जनसंख्या बृद्धिसँगै ठुलो अस्पतालको आवश्यकता रहेको बताए । जनतालाई ओखती निःशुल्क दिनुपर्ने आवश्यकता बताए । सरुवा रोगहरु निर्मुल पार्ने बताए । कार्यक्रम सकियो बुढाहरु भोक र प्यासले सुस्ताउँदै घर फर्किए । बाटोमा उजेलीका बाले दानाबोटेतर्फ इङ्गित गर्दै भने, 'ए दानाबोटे यी मन्त्री सांसदहरु बताउँछन् मात्रै यिनीहरुले गर्ने चै कहिले र'छ हँ...? अहिले त पालिकाका मेयर/अध्यक्षदेखि वडा अध्यक्ष/ सदस्य समेतले यसो गर्ने उसो गर्ने भनेर बताउन पुरै सिपालु भैसकेका छन् । तल गाउँदेखि संघीय मन्त्रीसम्मले, यसो गर्ने उसो गर्ने भन्छन् खै, कहिल्यै कोही कसैले केही गरेको भेटिन्न ? कहिलेदेखि काम गर्न थाल्ने हुन्...? हजुर बरु दाईलाई नै थाहा होला नि ।' त्यस दिन पनि सबै गाउँलेहरु सुस्ताउँदै आ-आफ्नो झुप्रोतिर पसे ।

केहि दिनपछि आफ्ना नातिनातिना पढ्ने अंग्रेजी बिद्यालयमा प्यारेन्स डे कि खोई के डे, हुने भएछ । सबै नानीबाबुका मातापिताहरु, हजुरबा आमाहरु उपस्थित हुनुपर्ने भन्ने उर्दी घरमा पस्यो । दानाबोटेको छोरो कतार ग'को हुनाले नाति पढने स्कुलमा उस्ले आफै जानु पर्ने भयो । गाउँका छोरीबुहारी बुढापाका भेला भएर अंग्रेजी विद्यालय पुगे । अंग्रेजी स्कुलमा तामझामका साथ मञ्च बनाइएको रहेछ । त्यस कार्यक्रममा पनि शिक्षामन्त्री आउने कार्यक्रम रहेछ । त्यसो त अहिले वडाका अदक्षेदेखि मेयर, उप-मेयर, प्रदेश प्रमुख, मुख्यमन्त्री, संघीय मन्त्री, प्रदेश मन्त्री कति हो कति छन्...? अतिथिहरुलाई स्कुलले भलिभाँती स्वागत गर्यो ।




प्याव्सन, एन-प्याव्सन, बिद्यार्थी युनियनहरु आदि इत्यादि आसन ग्रहण गर्नेको ताँती । उपस्थितमध्ये आधाभन्दा अलि धेरै मान्छे मञ्चमा बसे । बाँकी आधाभन्दा कम अर्थात उजेलीका बाहरु तल चौरमा बसे । केही क्षणबाट भाषण शुरु भयो । बोल्ने बक्ताहरु सबैले शिक्षालाई सुधार गर्नुपर्ने ठुला ठुला कुरा बताए । बैदेशिक रोजगार खोज्दै विदेशिनु नपर्ने कुरा बताए । सँगसँगै बैदेशिक रोजगारमा जाने नागरिकलाई फ्रि भिसा-फ्रि- टिकटको व्यवस्था सरकारले गर्ने बताए । बीच-बीचमा नेपाली र अंग्रेजी पाराका नाचागाना पनि गरिए । गाउँकै खिनौरीका छोराले राम्रो पढेकोले एउटा छोटो भाटो जस्तो टल्किने वस्तु उपहार पायो । खिनौरीलाई मञ्चमै बोलाएर अबिर दले । माला पहिराए एउटा मजेत्रो पनि ओढाइदिए । शिक्षामा कायापलट गर्ने कुरा सबैले बताए । कार्यक्रमका सबै बक्ताले बताएरै त्यो फादर्सडे पनि सकियो । बुढाहरु चिसो भुईंमा धुलोले आक्रान्त भए । खोक्दै र हाच्छ्यूँ गर्दै साँझ आ-आफ्ना झुप्राहरुमा भित्रिए । गाउँमा पाँच वर्षअघि खुलेको सहकारीको साधारण सभा हुने टुङ्गो भएपछि सहकारीका सदस्य रहेका चिम्से, सान्ने लगायतले उजेलीका बा र दानावोटे समेतलाई साथै लिएर त्यो साधारण सभामा गए । सहकारी संस्थाको जसै कार्यक्रम शुरु भयो , विभिन्न संस्थासंग सम्बन्धित झण्डै पचास जति मानिसलाई मञ्चमा आसन ग्रहण गराईयो । सहकारीको प्रतिवेदन पढियो । आयव्ययको हिसाब पढियो । त्यसपछि भएका भाषणमा सबै बक्ताले सहकारीलाई यसो गर्ने उसो गर्ने बताए । कार्यक्रमको बिचमा टिम्मुरबोटे कान्छोलाई असल ऋणी भनेर एउटा खास्टो ओढाइदिए । बिचरा कान्छाको दुई हलको मेलो भएको बारी अहिले लिलाम हुने अवस्थामा पुगेको छ । कान्छो अबिर घसेको रातो अनुहारमा धमिलो पोतेर फिस्स हाँस्दै मञ्चबाट ओर्लियो ।

यस्तै एकदिन उजेलीका बा, दानाबोटे, चिम्से, सान्ने लगायतका उमेर छिप्पिएका बुढाहरु पिपलबोट मुनि चौतारामा भेला भए । नागरिकले भोक,रोग र शोक अनाहकमा बोक्नु परेकोमा चिन्ता प्रकट गरे । हिजोआज सहकारी संस्था, आमा समूह, वन समूह, भजन समूह, कृषक समूह, जनवर्गीय समूह, सामाजिक समूह, आर्थिक समूह, पर्यटन समूह, मन्दिर समूह, होटेल समूह, गाडी सञ्चालक समूह, निर्माण समूह, खुद्रा व्यापार समूह, इन्जिनियर समूह, डाक्टर समूह, कर्मचारी समूह, वकिल समूह, रङ्ग समूह, रङ्गकर्मी समूह लगायत सबै समूह/संस्था र निकायहरु आसन ग्रहण र भाषणमा सीमित छन् । कसैले उद्देश्य बमोजिमको काम गर्दैनन् खाली काम गर्ने बताउँछन् । यसरी बताएको झण्डै चालिस बर्ष भैसक्यो कहिले हो यिनीहरुले काम गर्न चै, क्यार्ने हो..?

आफू आफूमा एकछिन जुर्मुराएर मुठ्ठी कसे । यस्तैमा उजेलीका बा हौसिएः-तपैहरु भन्छौ नि, पन्ध्र सालमा बिपिले पनि समाजवाद आयो भने सबै ठिक हुन्छ भन्ने कुरा बताए । म त, दशसाल देखिको सप्पै था'पाउँछु नि, उनी अलिकति इतिहास भन्दै गएः-गरीव दुःखी नेपालीका घरमा एउता दुहुना गाईको कुरा गरे, ऊबेला बिपिले । सत्र सालमा महेन्द्रले पञ्चायत भित्र्याउँदा र एक्काईस सालमा भूमिसुधार लगाउँदा गरीव दुःखी जनताले सुख पाउने कुरा बताए । अठ्ठाईस सालमा टाउको काट्न निस्केकाहरुले पनि जनताले सुख पाउने कुरालाई नै आधार बनाएर आफ्ना कुरा बताए । छ्यालीस सालमा आन्दोलनमा निस्किएका नेता कार्येकर्ताले पनि यस्तै नागरिक स्वतन्त्रताका कुरा बताए । अँ बाउन्नदेखि चै म पनि जान्दछु है, उजेलीका बा, चिम्से बीचमा एक्कासी चम्कियो । बाउन्न सालमा सबै जाति धर्म लिङ्ग एकै हुने गरी सशस्त्र आन्दोलन निस्क्यो । उस्ले पनि जनताकै दुःखका कुरा बतायो र हामीलाई एक हदसम्म लतारेर लग्यो। बैसठ्ठी-त्रिसठ्ठीको आन्दोलनले उम्रिएर मौलाएका सयकडौ नेता र दलहरुका अगुवाले देश विकास हुने र जनता सुखी र सम्पन्न हुने सप्पै फुलफिल हुने कुरा नै बताउँदै आए ।

भोली विश्व विद्यालयका प्राध्यापकहरुको प्राज्ञसभा छ । त्यसमा मुलुकभरका विद्वानदेखि बिश्व विद्यालय क्षेत्रका अनगिन्ती हस्तीहरु आउने छन् । यिनीहरु चै अरु नेता जस्ता हैनन्, साँच्चै काम गर्छन् । उनीहरु बताउँदैनन्, त्यो कार्यक्रममा उद्घाटन सत्रमा सबैलाई खुल्ला छ । जाने होला नि काका, चिम्सेले उजेलीका बातर्फ इङ्गित गर्दै भन्यो । सबै बताउँछन् मात्रै किन जाने उनीहरु पनि बताउने नै त भेला हुने होलान् उजेलीका बा अलि गम्भीर देखिए । चिम्सेले कर गर्यो, त्यसो होइन नि काका विश्वविद्यालय एउटा प्राज्ञिक थलो हो । कहाँ त्यस्तो हुन्छ र ? भाषणमा मात्र ध्यान दिने कुरा पक्कै हुँदैन। त्यहा त देश-विदेशका प्रबुद्ध विद्वानहरुले ज्ञानगुनको चर्चा गर्छन् । सम्मेलनमा देशका मात्र हैन विदेशका समेत बिषय विशेषज्ञ प्राध्यापक डाक्टरहरु हुन्छन्, शास्त्रास्त्रका कुरा गर्छन् । त्यो कार्यक्रम चै छुटाउनु हुँदैन है, सबैजना जांऔ ।


कार्यक्रम स्थलको सभाहलमा उजेलीका बा, चिम्से, सान्ने, दानाबोटे, पातली, जुठी, ठुली देउरानी, उजेली, रिठ्ठाबोटे कान्छो, जन्तरे काका सबैजना निर्धारित समय अगावै पुगे । सभाहलको पछिल्लो सिटतिर निम्छरो पाराले डराउँदै बसे । विद्वान प्राध्यापकहरु क्रमशः आएर सभाहलमा भेला हुँदै गए । मञ्चमा नेतृत्व वर्गका अतिथि महानुभावहरु बस्न थाले । कार्यक्रम शुरु हुने समय केही मिनेट बाँकी छँदा शिक्षामन्त्री, अन्य मन्त्रीहरु, सभासदहरु, आयोगका सदस्यहरु, प्रदेश सरकारका मन्त्रीहरु, प्रदेश सांसदहरु, नगर र गाउँपालिकाका प्रमुख तथा पदाधिकारीहरु खचाखच भरिए । कार्यक्रम स्थल, भित्री भागको प्यासेज आदि सबै ठाउँ खचाखच भरिए । प्राज्ञसभा उद्घाटन शिक्षा मन्त्रीले गरे । मन्त्रीले- शिक्षामा आमुल सुधार गर्ने हो भने- पाठ्यक्रमनै फेर्नुपर्ने बताए । अहिलेको पढाईले बर्षेनि सात लाख बढी युवाहरु बेरोजगार बढाएको बताए । विद्वान प्राध्यापकहरु आफैले आयोजना गरेको सभामा निरीह भए । राजनीतिक व्यक्तित्व एकपछि अर्को क्रमशः हावी भए । संघीय मन्त्रीहरु, प्रदेश मन्त्रीहरु, स्थानीय सरकारका प्रमुखहरुले शिक्षामा आमुल परिवर्तन गर्नुपर्ने बताए । थोरै प्राध्यापकले बोले, हामीले पढाईका लागि पढाई गरिरहेका छौ भन्ने कुरा पनि बताए । वर्तमान शिक्षा नीति र पाठ्यक्रमले मुलुकमा बेरोजगार मात्र उत्पादन हुँदै जाने कुरा बताए ।

उजेलीका बा, रिसले चुरचुर भए । चिम्सेलाई घुरेर हेरे । चिम्से आफ्नै सुरमा भाषण सुनिरहेको थियो । उनले चिम्सेलाई एक लात्ती हिर्काए । ढोकामा पनि एक लात्ती बजार्दै बाहिरिए । उजेलीका बा, कार्यक्रम स्थल छाडेको देखेर चिम्से, सान्ने, दानाबोटे, पातली, जुठी, ठुली देउरानी, उजेली, रिठ्ठाबोटे कान्छो, जन्तरे काका सबैजना सभाबाट बाहिरिए । उजेलीका बाले सम्मेलन स्थलतर्फ धारेहात देखाउँदै भनेः-यी सबै बताउने मात्रै हुन्, ? कोही पनि काम गर्नेवाला छैनन् । यदि सबैले आ-आफ्नो ठाउँबाट काम गर्ने हो भने यो मुलुक यस्तै हुन्थ्यो ? अबदेखि यस्ता कार्यक्रममा ज्यान गए आईन्न । बुझिस् चिम्से ? यसरी नबताइ काम गर्ने त फगत हाम्रा आफ्ना आमा हुन् श्रीमती हुन् ,छोरीहरु दिदिबहिनीहरु हुन् । जस्ले केही नबताइ तातो चिसो समय समयमा पकाएर/बनाएर हामीलाई दिन्छन् । चिसिएका कान समाउँदै सिरेटो छल्दै उनीहरु आ-आफ्ना चिसा झुप्रामा निस्प्राण झै छिरे । (लेखक-कृषि अर्थ बिज्ञ, सेवा निबृत्त हुन् ।)

# झापाका ४७१ अव्यवस्थित बसोबासीलाई धनीपुर्जा वितरण गरिँदै

झापा(प्रस) । झापाका ४७१ अव्यवस्थित बसोबासीलाई धनीपुर्जा वितरण गरिने भएको छ । मदन अधिकारीको अध्यक्षतामा गठन भएको भूमि समस्या समाधान आयोग झापाले पहिलो पटक ४७१ अव्यवस्थित बसोबासीलाई धनीपुर्जा वितरण गर्न लागेको हो ।

भूमि समस्या समाधान आयोग झापाको बुधवार बसेको बैठकले बुद्धशान्तिका १९५,अर्जुनधाराका १२८,गौरीगञ्जका ११, कन्काईका १३५ र दमकका २ भूमिहीन दलित/



सुकुम्बासी र अब्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यबिधि २०८१ को दफा (६) र भूमिसम्बन्धी नियमहरु २०२१ को २० औँ संशोधन को दफा ५ को बमोजिम जग्गाधनी प्रमाणपुर्जा बितरण गर्ने निर्णय गरिएको आयोगका विज्ञ लक्ष्मी आचार्यले बताए ।

बुद्धशान्ति , अर्जुनधारा , कन्काई , गौरीगञ्ज र दमकका ५४१ अव्यवस्थित बसोबासीका लागि सात दिने सूचना जारी गरिएकोमा ४७१ जनाले नियम अनुसार राजश्व दाखिला गरेकाले उनीहरुलाई असार मसान्तभित्र धनीपुर्जा वितरण गरिने आचार्यले जानकारी दिए । त्यस्तै कन्काई नगरपालिकाका भूमिहीन , दलित र भूमिहीन सुकुम्बासी ७१ परिवारलाई समेत पुर्जा तयार गरी वितरण गर्ने निर्णय गरिएको उनले जानकारी दिए । यसका अलावा बाह्रदशी , शिवसताक्षी , मेचीनगर , कमल र दमकका विभिन्न वडाहरुको फायल बनाउने काम भइरहेको छ ।

सम्बन्धित पालिका र राजनीतिक दलहरुसंग समन्वय गरी धनीपुर्जा वितरण कार्यक्रम तय गरिने भएको छ । असार २६ देखि २९ गतेभित्र धनीपुर्जा वितरणको कार्यक्रम हुनसक्ने जनाइएको छ ।

## पर्यटन...

भएकाले विमानस्थललाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा राखिरहनु आवश्यक छ ।

नेपालमा पूर्ण रूपले व्यवस्थित अन्तर्राष्ट्रिय विमानस्थल हुनु आवश्यक छ । पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल राम्रोसँग सञ्चालन गर्नु पर्छ । निगमले पर्यटकको कमी हुने जुनसुकै मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्नुको सट्टा पर्यटक बढी हुने मुलुकसँग बढी सम्बन्ध विस्तार गर्ने हो भने ४२ वटा मुलुकको सट्टा त्योभन्दा कम मुलुकसँग भएको द्विपक्षीय हवाई सम्झौताले पनि नेपालको पर्यटन व्यवसायलाई ठुलो टेवा पुग्ने छ ।

नेपालबारे समाचार सम्प्रेषण गर्दा नवीन पद्धति अनुरूप आकर्षक रूपबाट विदेशीलाई समाचार सम्प्रेषण गर्नु आवश्यक छ । विदेशमा रहेका विदेशी राजदूतावास तथा निगमका कार्यालयको व्यवस्थापन र अन्य पक्षमा कुनै कमजोरी रहेका छन् भने तिनलाई सुधार गरेर ती कार्यालयमार्फत निगमले पर्याप्त मात्रामा प्रचारप्रसार गर्ने र नेपालका विषयमा उचित र जानकारीमूलक समाचार सम्प्रेषण गर्न पनि सकिन्छ । ती कार्यालयको प्रभावकारी भूमिकाबाट पनि नेपालले प्रशस्त वैदेशिक मुद्रा आर्जन गर्ने सम्भावना छ । नेपालभित्र आउने अन्य विदेशी एयरलाइन्सले करिब एक सय अर्ब रकमको कारोबार गर्छन् भने नेपाल वायुसेवा निगमले चार/पाँच अर्ब मात्र कारोबार गर्छ । यसमा सरकारले ध्यान दिएको देखिँदैन । सरकारले पर्यटन उद्योगलाई मुलुकमा अन्य उद्योगसरह प्रेरणा, न्यायिक सुरक्षा र सुविधा उपलब्ध गराई पूर्ण मान्यता दिनु पर्छ । निजी क्षेत्रसँगको कार्यगत सम्बन्ध सुदृढ बनाउँदै सरकारले मुलुकमा सर्वसाधारण जनता, उद्योग एवं पर्यटन क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति दिनु पर्छ । पर्यटनसँग सम्बद्ध व्यावसायिक सेवालाई प्रस्ट रूपले परिभाषित गरी एकअर्काको क्षेत्रमा अनधिकृत रूपमा हुने गरेका व्यावसायिक क्रियाकलाप अविलम्ब अन्त्य गराउनेतर्फ पनि सरकार संवेदनशील हुनु आवश्यक छ ।

नेपालभित्र रहेका गन्तव्य स्थलमध्ये सम्बन्धित व्यवसायीबाट समुचित सम्भाव्यता अध्ययन गराई नयाँ गन्तव्य स्थलको प्रतिवेदन तयार गरी तिनलाई प्रचारप्रसार गराउने हो भने त्यसले पनि धेरै फाइदा पुऱ्याउने छ । पर्यटन प्रवर्धन गर्दा अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई मात्र होइन, क्षेत्रीय प्रतिस्पर्धालाई पनि ध्यान दिँदै तदनुरूपको नीति निर्माण गर्नुका साथै अन्य सम्भावित मुलुकमा बजार प्रवर्धन गर्नु पर्छ । नेपाल नागरिक उड्डयन प्राधिकरणबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक स्वरूप एवं सुविधाको विकासका लागि अविलम्ब उपयुक्त कदम चालिनु पर्छ । खुला आकाशको नीतिलाई कागजमा मात्र सीमित नराखी नियमित उडानलाई प्राथमिकता दिई थप सुविधा र सहुलियत प्रदान गरिनु पर्छ ।

आन्तरिक हवाई उडानमा यात्रुको सुरक्षाको प्रत्याभूति दिनुका साथै निजी क्षेत्रबाट सञ्चालन हुने हवाई कम्पनीलाई थप इजाजत दिनेतर्फ नियन्त्रण गर्ने तर यसका लगि समयानुकूल, दिगो र दीर्घकालीन परिप्रेक्ष्यमा राष्ट्रिय पर्यटन नीति बनाउनु अपेक्षित छ । निजी क्षेत्र पर्यटनसँग सम्बन्धित संघ संस्थाको समानुपातिक प्रतिनिधित्वका आधारमा उच्चस्तरीय सामञ्जस्य राखी काम गर्नु आवश्यक छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** — महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** — आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** — नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** — आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** — मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** — आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** — सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** — आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** — घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** — राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** — परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।